नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

# सूचना तथा प्रसारण विभाग

प्रशासन तथा प्रेस शाखा

सञ्चारग्राम, तिलगंगा, काठमाडौं

मिति २०८२/०३/१०

प.सं. : २०८१/८२

च.नं. ११६८

श्री सम्पूर्ण सञ्चारमाध्यमहरु।

**विषय: आ.व. २०८२/०८३ का लागि दरबन्दी विवरण र श्रमजीवी विवरण पठाउने सम्बन्धी अत्यन्त जरुरी सूचना।**

श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१ तथा नियमावली, २०५३ र प्रेस प्रतिनिधि प्रमाणपत्र तथा परिचयपत्र वितरण कार्यविधि, २०७१ को दफा ३३ बमोजिम सञ्चार प्रतिष्ठानले प्रत्येक वर्ष आफ्नो प्रतिष्ठानको दरबन्दीको तहगत विवरण र श्रमजीवी पत्रकार, कर्मचारी, कामदारहरुको विवरण प्रेस रजिष्ट्रार (सूचना तथा प्रसारण विभाग) समक्ष पठाउनुपर्ने व्यवस्था छ।

उक्त व्यवस्था अनुसार आ. व ०८२/८३ को लागि सञ्चार गृहहरु (पत्रपत्रिका, टेलिभिजन, एफएम रेडियो र अनलाइन) को स्वीकृत दरबन्दी र श्रमजीवी विवरण यस विभागको सूचना व्यवस्थापन प्रणाली (IMS) मा अद्यावधिक गर्नका लागि सार्वजनिक सूचना जारी गर्ने विभागको मिति २०८२/०३/०८ को निर्णयानुसार स्वीकृत दरबन्दी र श्रमजीवी विवरण यस विभागको वेबसाइट www.doib.gov.np मा रहेको अनलाइन सेवामार्फत तपसिलबमोजिम पठाउनुहुन सञ्चार प्रतिष्ठानलाई सूचित गरिन्छ।

**तपसिल**

१) प्रेस प्रतिनिधि (प्रमाणपत्र तथा परिचयपत्र वितरण) कार्यविधि, २०७१ को दफा ३३ बमोजिम आगामी आ.व. २०८२/८३ का लागि दरबन्दी र श्रमजीवी विवरण विभागको वेबसाइट www.doib.gov.np मा भर्नुपर्नेछ।

२) आ.व. २०८२/८३ का लागि निर्धारण गरिएको दरबन्दी विवरण एकैपटक बुझाउनुपर्नेछ। विवरणमा उल्लेखित रिक्त पदमा श्रमजीवी विवरण भने नियुक्त गरेपछि अद्यावधिक गर्न सकिनेछ।

३) पाँच जनाभन्दा बढी दरबन्दी भएको कम्पनी वा संस्थाले एकभन्दा बढी सञ्चारमाध्यम सञ्चालन गरेको भए अनिवार्य रुपमा तपसिल शर्त पालना गर्नुपर्नेछ,

  क) प्रमाणित तलबी विवरण, Pay Roll ,

  ख) तलब भुक्तानी लागि सम्बन्धित बैंकलाई लेखिएको पत्र (बैंकद्वारा प्रमाणित)

  ग) सञ्चारमाध्यम नवीकरण वा अद्यावधिक भएको दर्ता प्रमाणपत्र अनिवार्य अपलोड गर्नुपर्नेछ।

४) श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१ को दफा ५ को व्यवस्था अनुसार कुल दरबन्दीको १५ प्रतिशत मात्र करार सेवामा नियुक्त गर्न सकिनेछ।

५) तोकिएको ढाँचाभन्दा भिन्न रुपमा भरिएका विवरणहरु दर्ता गरिने छैन।

६) सञ्चार प्रतिष्ठानले सावधानीपूर्वक यथार्थ विवरण मात्र भरी पठाउनुपर्नेछ। पठाएको दरबन्दी विवरण संशोधन हुने छैन। गलत विवरण पठाएमा सम्बन्धित सञ्चार प्रतिष्ठान जिम्मेवार रहनेछ।

७) विवरण भरिसकेपछि Confirmation Number प्राप्त हुनेछ। सो नम्बरबाट विवरण हेर्न, प्रिन्ट गर्न र रिक्त दरबन्दीमा श्रमजीवी थप गर्न, थप कागजात अपलोड गर्न सकिनेछ। Confirmation Number सुरक्षित राख्नुहोला।

८) दरबन्दी विवरण प्राप्त भएपश्चात् अद्यावधिक दरबन्दी विवरण अनुसार मात्र नयाँ प्रेस प्रतिनिधि प्रमाणपत्र जारी तथा नवीकरण हुने व्यहोरा अनुरोध छ।

2082-03-10

(शान्ती लामा)

शाखा अधिकृत

बोधार्थ:

श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं।

बोधार्थ तथा कार्यार्थ:

श्री हुलाक निर्देशनालय/कार्यालयहरु (सबै)

श्री प्रेस काउन्सिल नेपाल, सञ्चारग्राम।

श्री न्यूनतम पारिश्रमिक निर्धारण समिति, सञ्चारग्राम।

श्री नेपाल पत्रकार महासंघ, केन्द्रीय कार्यालम, काठमाडौं (तहाँअन्तर्गत सम्पूर्ण जिल्ला शाखा र सञ्चार प्रतिष्ठानहरुलाई जानकारी गराइदिनुहुन।)